# Capacity Building Training of Center Mobilizer

## 2076 Baishakh 08, Kohalpur Regional Office




काठमाण्डौको नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय कोहलपुरका २६ जना केन्द्र परिचालकहरुको उपस्थितमा मिति २०७६ बैशाख ८ गते **"Capacity Building Training of Center Mobilizer"** सम्पन्न भयो ।



क्षेत्रीय कार्यालयका कार्यक्रम व्यवस्थापक श्री जिताराम गौतमले स्वागत मन्तब्य राख्नुको साथै तालिमको उद्देश्यको बारेमा जानकारी गराउनु भयो । तालिम कार्यक्रममा क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले निर्धन उत्थान वित्तिय संस्थाको परिचय र परिचालकहरुको कार्य सम्पादन लक्ष्य प्रगतीको अवस्था सम्बन्धी कक्षा संचालन गर्दै परिचालकहरुलाई अनूभव साटासाट गर्न लगाउनु भएको थियो । तालिममा १७ वटा शाखामा कार्यरत २६ जना केन्द्र परिचालकलाई प्रभावकारी ग्राहक सम्बन्ध , अन्तरवैयक्तिक सम्बन्ध, कर्जा जोखिम व्यवस्थापन सम्बन्धी जिताराम गौतम र कर्जा विश्लेषण, कर्जा सदूपयोगिता, सदस्य तथा ऋणी वृद्धि गर्ने उपाय सम्बन्धी नवराज जोशीले तालिम प्रदान गर्नु भएको थियो ।

तलिमको क्रममा उत्कृष्ठ ६ जना परिचालक मध्ये हरिचरण चौधरी, लक्ष्मी चौधरी , निर्मला  घर्तिमगर, उषा डांगी र संन्जु बुढाथोकीलाई सदस्यता वृद्धि र जोखिम कर्जा असुली शिर्षकमा सावित्रा घर्तिलाई क्षेत्रीय कार्यालयको तर्फबाट क्षेत्रीय प्रमुखले चिनो प्रदान गर्नुभएको थियो ।



तलिमको अन्तमा सहभागिको तर्फबाट वृहस्पति चौधरी र रांझाकि संन्जु बुढाथोकीले  तालिमको समिक्षा तथा मुल्यांकन गर्दै तालिम अत्यन्तै राम्रो भएको र आफुहरुले अझै राम्रो गर्ने प्रतिवद्धता जनाएका थिए । तालिमको समापन क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले गर्नु भएको थियो ।